राष्ट्रिय आर्थिक दैनिक

# कारोबार

www.karobardaily.com

30 July 2014, Wednesday

KAROBAR NATIONAL ECONOMIC DAILY

# व्यापारघाटा घटाउन गैरभन्सार अवरोध हटाउन पहल गर्नुपर्छ

## सहुलित होइन प्रतिस्पर्धी क्षमता बढाउनुपर्छ

पोषराज पाण्डे
व्यापार विज्ञ



व्यापार बढाउन सहुलियत माग्नुभन्दा हामीले आफ्नो उत्पादन र प्रतिस्पर्धी क्षमता बढाउनुपर्छ। हामीले चाहेजति उत्पादन गरेपछि निकासीका लागि भारतसँग सहजीकरणका लागि अनुरोध गर्ने हो । अहिले हामी नेपाली उद्योगी पर्याप्त वस्तु उत्पादन गरेर निकासी गर्न सक्ने अवस्थामा छैनौं । यस्तै हाम्रा निकासीजन्य वस्तु के हुन सक्छन् ? त्यसको पनि अध्ययन हुनुपर्छ। जस्तै चिया, कफी, जडीबुटीलगायतका वस्तु निकासीको प्रवल सम्भावना छ। नेपालबाट निकासी हुने वस्तुमा भारतले गैरभन्सार अवरोधहरू लगाएको छ, यसलाई हटाउनुपर्छ। यस्तै हाम्रो उत्पादनको गुणस्तर परीक्षण गर्ने प्रयोगशालाको स्थापना पनि गर्नुपर्छ। नेपाल भूपरिवेष्ठित मुलुक भएकाले तेस्रो मुलुकमा निकासी बढाउन पारवहन सहजीकरण आवश्यक छ। सरकारले यसतर्फ ध्यान दिनपर्छ।